यो आकाशवाणी गान्तोक हो।

1. राष्ट्रपति द्रौपती मुर्मु, प्रधान मन्त्री नरेन्द्र मोदी , सिक्किमका राज्यपाल ओम प्रकाश माथुर अनि मुख्य मन्त्री प्रेम सिंह तामाङले सिक्किमका जनतालाई राज्यको एकाउन्नौँ स्थापना दिवसको अवसरमा शुभकामना व्यक्त गर्नुभयो। आफ्नो शुभकामना सन्देशमा राष्ट्रपतिले प्राकृतिक सौन्दर्य, समृद्ध सांस्कृतिक सम्पदा तथा वातावरण संरक्षण प्रतिको दृढ प्रतिबद्धताका कारण सिक्किम राष्ट्रका लागि दिगो विकासको उत्कृष्ट नमुना बनेको बताउनुभएको छ। उहाँले सिक्किमवासीहरूको आत्मीयता, सरलता र सद्भावनाको भावनाको पनि प्रशंसा गर्दै राज्य तथा सिक्किमका जनताको आगामी दिनहरू अझ समृद्ध र प्रगतिशील हुँदै जाओस् भन्ने कामना पनि व्यक्त गर्नुभएको छ।

2. सिक्किमको एकाउन्नौँ राज्य स्थापना दिवस आज Manan Kendra मा भव्य रूपमा मनाइँदैछ। भारत सङ्घको बाइसौँ राज्यका रूपमा स्थापित सिक्किमको यस ऐतिहासिक अवसरमा भारतका उपराष्ट्रपति सि.पी राधा कृष्णन प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको छ। सिक्किम सरकारका मुख्य सचिव Ravindra Telang ले स्वागत मन्तव्य व्यक्त गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा सिक्किमवासीका नाममा पठाइएको शुभकामना सन्देश वाचन गर्नुभयो। सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले उपराष्ट्रपति तथा केन्द्रीय सञ्चार एवं पूर्वोत्तर क्षेत्र विकास मन्त्री जोतीरादित्य सिन्धिया लगायत अन्यलाई पनि स्मारक रजत सिक्का तथा परम्परागत थाङ्का प्रदान गर्नुभयो। यस अवसरमा उपराष्ट्रपतिले राष्ट्रिय राजमार्ग दशको आधुनिकीकरण, बुर्तुक हेलिपेड पुनर्निर्माण तथा सिक्किमका छ-वटै जिल्ला सम्बन्धी विभिन्न विकास परियोजनाहरूको भर्चुअल रूपमा उद्घाटन गर्नुभयो।

उपराष्ट्रपतिले तीन सय पैंतीस करोडदेखि तीन सय साठी करोड रुपियाँ मूल्य बराबरको सिक्किम organic mission -को पनि शुभारम्भ गर्नुभयो। उपराष्ट्रपतिले सिक्किमेहरूलाई शुभकामना दिँदै भन्नुभयो,.....

श्री सिन्धियाले आफ्नो सम्बोधनमा सिक्किमलाई "पूर्वको स्वर्ग" तथा "सम्पूर्ण भारतको गौरव" भएको उल्लेख गर्नुभयो। उहाँले बहु-प्रतीक्षित **सेवोक–रम्फू** रेल परियोजना आगामी एक वर्षभित्र सञ्चालनमा आउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। उहाँले सिक्किम केवल एउटा राज्य मात्र नभएर दर्शन हो भन्नुभएकोछ।

3. सञ्चार तथा पूर्वोत्तर क्षेत्र विकास मन्त्रालयका केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धियाले आज रिज पार्कस्थित **अर्कीड-डेरियमको** भ्रमण गर्नुभयो। **स्वर्ण जयन्ती मैत्रेय मञ्जरी कम्प्लेक्समा** अवस्थित **अर्कीड-डेरियमले** सिक्किमको पुष्प सम्पदा तथा जैविक विविधता संरक्षण र दिगो पर्यटनप्रतिको प्रतिबद्धतालाई उजागर गर्दछ। यहाँ दुर्लभ तथा स्वदेशी अर्चिडहरू संरक्षण गरिएका छन्, जसले राज्यको पर्यावरणीय समृद्धि र संरक्षण प्रयासलाई प्रतिबिम्बित गर्दछ।

4. शिक्षा विभाग, सिक्किम सरकारले राज्यभरिका सबै शैक्षिक संस्थाहरू अर्को सूचना जारी नभएसम्म प्रत्येक शनिबार बन्द रहने घोषणा गरेको छ। संशोधित शैक्षिक व्यवस्थाअनुसार विद्यालय तथा शैक्षिक संस्थाहरूलाई सोमबारदेखि शुक्रबारसम्म प्रत्येक दिन एक अतिरिक्त कक्षा सञ्चालन गर्न निर्देशन दिइएको छ, ताकि शनिबारको बिदा पूर्ति गर्न सकियोस्। यो निर्णय विभागले हिजो जारी गरेको अघिल्लो परिपत्रमा आंशिक संशोधन गरेपछि लागू गरिएको हो।

5. सूचना तथा जनसम्पर्क विभाग सिक्किम सरकारले “पचास वर्षे राज्यत्व उत्सव” को समापन अवसरमा आज एमजी मार्गमा “पचास वर्षे राज्यत्व उत्सव मनाऔँ” भन्ने मूल विषय अन्तर्गत विभागद्वारा प्रकाशित पुस्तकहरूको प्रदर्शनी तथा वितरण कार्यक्रम आयोजना गर्यो । कार्यक्रममा सिक्किमको इतिहास, संस्कृति, सुशासन तथा विगत वर्षहरूमा राज्यले हासिल गरेको विकास यात्रालाई समेटिएका विभिन्न प्रकाशनहरू प्रदर्शन गरिएको थियो। कार्यक्रमका अवसरमा विभागद्वारा प्रकाशित दुई हजारभन्दा बढी पुस्तक तथा जानकारीमूलक सामग्रीहरू वितरण गरिएको जनाइएको छ।

आकाशवाणी गान्तोकबाट सुन्दैहुनुहुनथ्यो समाचार पूरा भयो ।